राष्ट्रिय आर्थिक दैनिक

www.karobardaily.com

# कारोबार

KAROBAR NATIONAL ECONOMIC DAILY

वर्ष ४ • अंक १०७ • राष्ट्रिय संस्करण • बुधबार, ४ वैशाख २०७० • Wednesday, 17 April 2013 • नेपाल संवत् ११३३ • पृष्ठ १२ • मूल्य ५ रुपैयाँ

कारोबार, बुधबार ४ २०७० (17 April 2013)

## बजेट जनसहभागितामा नेपाल अन्तिम

काठमाडौं, ३ वैशाख (कास): बजेट जनसहभागिताको हिसाबले दक्षिण एसियामै नेपालको स्थान सबैभन्दा तल रहेको एक अध्ययनले देखाएको छ । सम्बन्धित देशले सार्वजनिक गर्ने बजेटको आधारमा 'इन्टरनेसनल बजेट पार्टनरसिप'ले गरेको 'खुला बजेट : २०१२' अध्ययन प्रतिवेदनले नेपालले एक सयमध्ये ४४ मात्र अंक प्राप्त गरेको हो । माल्दिभ्स र भुटानबाहेकका दक्षिण एसियाका ६ मुलुकमा उक्त सर्वेक्षण गरिएको हो ।

अघिल्लो सर्वेक्षणभन्दा नेपालले एक अंक कम पाएको अध्ययनले देखाएको छ। २०१० मा नेपालले ४५ अंक प्राप्त गरेको थियो। सर्वेक्षणअनुसार सबैभन्दा बढी बजेट भारतमा सार्वजनिक गरेको पाइएको छ। भारतले सो अध्ययनमा ६८ अंक प्राप्त गरेको छ। त्यसैगरी, अफगानिस्तानले ५९ अंक, बंगलादेश र पाकिस्तानले ५८/५८ र श्रीलंकाले ४६ अंक प्राप्त गरेको छ। भुटान र माल्दिभ्सको जनसहभागिताको हिसाब अध्ययन प्रतिवेदन भने प्रतिवेदनमा समावेश छैन। •